# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१ काठमाडौं, फागुन २ गते २०५८ साल (अतिरिक्ताङ्क ६९


## भाग ३

### श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (पहिलो संशोधन) नियमावली, २०५८

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ मा संशोधनः** चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :-

"(ठ) "सम्पर्क एजेन्सी" भन्नाले नियम १३ बमोजिम मन्त्रालय र विदेशी निर्माताबीच सम्पर्क एजेन्सीको रुपमा काम गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त ट्राभल्स, ट्रेकिङ वा न्यापिटङ जस्ता एजेन्सी मध्ये मन्त्रालयले तोकेको एजेन्सी सम्झनुपर्छ ।"

३. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) स्वदेशी तथा विदेशी व्यक्तिबाट निर्माण गरिने कथानक वा अन्य चलचित्र निर्माण गर्नको लागि ईजाजतपत्र दस्तुर वापत दरखास्त साथ पचास रुपैंयाको टिकट संलग्न गर्नु पर्नेछ ।

तर विज्ञापन चलचित्र निर्माणको लागि इजाजतपत्र दस्तुर वापत पाँचहजार रुपैया लाग्नेछ ।"

(२) खण्ड (घ) को उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएको छ :-

"(४) गाउँ विकास समिति १५,०००।- १०,०००।-

तर दुर्गम क्षेत्र विकास समितिबाट घोपित दुर्गम जिल्लाका गाउँ विकास समिति भित्र यस खण्डमा उल्लेखित दस्तुरको आधा दस्तुरमात्र लाग्नेछ ।"

४. मूल नियमावलीमा नियम ५क थप : मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छ :-

"५क. एकद्वार समिति : (१) आफ्नै वा नेपाली नागरिकसँगको संयुक्त लगानीमा नेपालमा चलचित्र निर्माण गर्न चाहने विदेशी व्यक्ति वा संस्थालाई एउटै निकायबाट चलचित्र छायाङ्कन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा नीति निर्माणको लागि देहाय बमोजिमको एउटा एकद्वार समिति रहनेछ :-

(क) सचिव, सूचना तथा सञ्चार मन्त्रालय – संयोजक

(ख) प्रतिनिधि (कम्तीमा रा.प.प्रथम श्रेणी), अर्थ मन्त्रालय – सदस्य

(ग) प्रतिनिधि (कम्तीमा रा.प.प्रथम श्रेणी), कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि (कम्तीमा रा.प.प्रथम श्रेणी), गृह मन्त्रालय – सदस्य

(ङ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग – सदस्य

(च) महानिर्देशक, पुरातत्व विभाग – सदस्य

(छ) प्रतिनिधि, महेन्द्र प्रकृति संरक्षण कोष – सदस्य

(ज) प्रतिनिधि, चलचित्र विकास बोर्ड – सदस्य

(झ) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले चलचित्र छायाङ्कन सम्बन्धी नीति तय गर्नेछ । त्यस्तो नीति अनुरुप मन्त्रालयबाट जारी भएको इजाजत पत्रमा उल्लेखित शर्तमा नेपाल अधिराज्यभर मान्य हुनेछ । सो प्रयोजनका लागि अन्य कुनै निकायबाट छुट्टै इजाजत लिनु पर्ने छैन ।

(३) उपनियम (१) बमोजिमको समितिको कार्यविधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित संघ संस्था वा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) कसैले एउटै कम्पाउण्ड भित्र एक वा एकभन्दा बढी भवनलाई एकभन्दा बढी चलचित्र घरको रुपमा प्रयोग गरेमा त्यस्तो प्रत्येक चलचित्र घरमा उपनियम (१) बमोजिमको न्यूनतम व्यवस्था गर्नुपर्नेछ ।"

६. मूल नियमावलीमा नियम ८क. थप : मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८क. चलचित्र घर जाँच गर्नुपर्ने: (१) चलचित्र घरमा यस नियमावली बमोजिम हुनुपर्ने न्यूनतम व्यवस्था भए नभएको सम्बन्धमा बोर्डले आवश्यकतानुसार सम्बन्धित विशेषज्ञको सहयोग लिई कम्तीमा तीनवर्षमा एकपटक प्रत्येक चलचित्र घर जाँच गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम चलचित्र घर जाँच गर्दा यस नियमावली बमोजिम चलचित्र घरमा हुनुपर्ने न्यूनतम व्यवस्था भएको नदेखिएमा बोर्डले समय तोकी त्यसरी नपुग भएको व्यवस्था पूरा गर्नको लागि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई आदेश दिनेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको म्यादभित्र इजाजतपत्र प्राप्त व्यक्तिले चलचित्र घरमा सुधार नगरेमा बोर्डले त्यस्तो इजाजतपत्र प्राप्त व्यक्तिलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ र सम्बन्धित निकायले पनि लेखी आए बमोजिम आवश्यक कारवाही गर्नुपर्नेछ ।"

७. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को उपनियम (२) मा रहेका "तीन वर्ष" भन्ने शब्दहरुको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीका नियम १० को,-

(१) उपनियम (४) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) खण्ड (ख) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण दस्तुरको पचहत्तर प्रतिशत,

(घ) खण्ड (ग) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण दस्तुरको शतप्रतिशत ।"

(२) उपनियम (५), (६) र (७) को सट्टा देहायका उपानयम (५), (६) र (७) राखिएका छन् :-

"(५) यो उप-नियम प्रारम्भ हुँदाका वखत उपनियम (४) बमोजिम इजाजतपत्र नवीकरण नगरेका इजाजत प्राप्त व्यक्तिले यो उपनियम प्रारम्भ भएको तीन महिनाभित्र यस नियम बमोजिम लाग्ने नवीकरण दस्तुर, सो वापतको थप दस्तुर र थप दस्तुरको शत प्रतिशत अतिरिक्त दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(६) बोर्डले चलचित्र प्रदर्शन गर्न उपयुक्त छ भनी सिफारिस गरेको चलचित्र घरलाई मात्र यस नियम बमोजिम नवीकरण गरिनेछ ।

(७) उपनियम (१), (२), (३), (४) र (५) बमोजिमको म्यादभित्र पनि इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।"

९. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) इजाजतपत्र प्राप्त व्यक्तिले आफूले पाएको इजाजतपत्र अन्य व्यक्तिलाई विक्री वा कुनै तवरले हस्तान्तरण गर्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेका "एकहजार रुपैया" भन्ने शब्दहरुको सट्टा "त्यस्तो इजाजतपत्र लिँदा लाग्ने दस्तुरको आधा" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**१३. सम्पर्क एजेन्सीको व्यवस्था** : (१) मन्त्रालयले प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त ट्राभल्स, ट्रेकिङ वा ज्यापिटङ जस्ता एजेन्सीलाई मन्त्रालय तथा विदेशी निर्मातावीच सम्पर्क एजेन्सीको रुपमा काम गर्न खटाउनेछ । त्यस्तो एजेन्सीले पालना गर्नुपर्ने शर्तहरु मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ र तोकिदिए बमोजिमका शर्तहरु पालना नगरेमा मन्त्रालयले आवश्यक कारवाहीका लागि संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयसमक्ष लेखी पठाउनेछ ।

तर कुनै विदेशी निर्माता प्रचलित कानून बमोजिम इजाजत पत्र प्राप्त ट्राभल्स, ट्रेकिंङ वा राफ्टीङ जस्ता एजेन्सी मार्फत इजाजपत्र लिन आएमा मन्त्रालयले सोही एजेन्सीलाई नै सम्पर्क एजेन्सीको रुपमा काम गर्न खटाउने छ ।

(२) उप नियम (१) बमोजिम तोकिएका शर्तहरु सम्बन्धित सम्पर्क एजेन्सीले पालना नगरेमा मन्त्रालयको सिफारिशमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले त्यस्ता सम्पर्क एजेन्सी उपर प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।"

११. **मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ** :-

"**१४. छाडिदिने** : विदेशी निर्माताले ल्याउने छायाङ्कन उपकरणहरु सम्बन्धित भन्सार कार्यालयले लगत राखी पछि फिर्ता लैजाने शर्तमा विना धितो छाडिदिनु पर्नेछ ।

तर कुनै विदेशी निर्माताले प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त ट्राभल्स, ट्रेकिङ वा ज्यापिटङ जस्ता एजेन्सी मार्फत् छायाङ्कन उपकरणहरु ल्याएमा त्यस्तो एजेन्सीको जिम्मामा सम्बन्धित भन्सार कार्यालयले लगत राखी पछि फिर्ता लैजाने शर्तमा विना धितो छाडिदिनु पर्नेछ ।"

१२. **मूल नियमावलीको नियम १५ मा संशोधन** : मूल नियमावलीको नियम १५ मा रहेका "सम्पर्क अधिकृतको" भन्ने शब्दको सट्टा "सम्पर्क एजेन्सीको" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल नियमावलीको नियम १६ मा संशोधन** : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) को शुरुमा रहेको "चलचित्रको" भन्ने शब्दको सट्टा "कथानक चलचित्रको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) काठमाडौं उपत्यका बाहिर कथानक चलचित्र जाँच गर्नका लागि पूर्वाञ्चलन क्षेत्रको लागि विराटनगर, पश्चिमाञ्चल क्षेत्रको लागि पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रको लागि नेपाल गञ्ज र सुदूर पश्चिमाञ्चल क्षेत्रको लागि धनगढीमा देहाय बमोजिमका सदस्यहरु रहेको क्षेत्रिय चलचित्र जाँच समिति रहनेछ :-

(क) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) चलचित्र क्षेत्रसँग सम्बन्धित अनुभव प्राप्त व्यक्तिहरु मध्ये मन्त्रालयले तोकेको एकजना महिलासहित तीनजना -सदस्य

(ग) सम्बन्धित जिल्लाको जिल्ला हुलाक कार्यालयको प्रमुख - सदस्य-सचिव"

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपनियम (१) र (२) बमोजिम तोकिएका सदस्यहरुको पदावधि बढीमा दुई वर्षको हुनेछ ।

(२ख) अन्य चलचित्रको जाँच चलचित्र जाँच समितिको अध्यक्ष वा निजले तोकेको व्यक्तिबाट हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) मा रहेको "स्थानीय" भन्ने शब्दको सट्टा "क्षेत्रिय" भन्ने शब्द राखिएको छ ।

(५) उपनियम (४) मा रहेको "स्थानीय" भन्ने शब्दको सट्टा "क्षेत्रिय" भन्ने शब्द राखिएको छ ।

१४. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेको "प्रदर्शकले" भन्ने शब्दको सट्टा "स्वदेशी निर्माता वा वितरकले" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल नियमावलीमा नियम १७ क. थप : मूल नियमावलीको नियम १७ पछि देहायको नियम १७क. थपिएको छ :-

"१७क.नाम मिल्ने गरी चलचित्र निर्माण गर्न नहुने : कसैले पनि अन्य इजाजतपत्र प्राप्त व्यक्तिले निर्माण गरेको चलचित्रको नामसँग मिल्ने गरी सो चलचित्र जाँच भएको मितिले दश वर्षसम्म अर्को चलचित्र बनाउन हुँदैन ।"

१६. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर क्षेत्रिय चलचित्र जाँच समितिबाट जाँच भएका चलचित्र अर्को क्षेत्रमा प्रदर्शन गर्नको लागि पुनः जाँच गराउनु पर्नेछ ।"

१७. मूल नियमावलीमा नियम १८क. र १८ख. थप : मूल नियमावलीको नियम १८ पछि देहायका नियम १८क. र १८ख. थपिएका छन् :-

"१८क. चलचित्र जाँच दस्तुरः नियम १७ बमोजिम चलचित्र जाँच गराउँदा देहाय बमोजिम दस्तुर लाग्नेछ :-

(क) स्वदेशी कथानक चलचित्रको लागि रु. ५,०००।-

(ख) विदेशी कथानक चलचित्रको लागि रु. १०,०००।-

(ग) स्वदेशी अन्य चलचित्रका लागि रु. ५,०००।-

(घ) विदेशी अन्य चलचित्रको लागि रु. १०,०००।-

१८ख. पारिश्रमिक पाउनेः चलचित्र जाँच समितिका अध्यक्ष वा सदस्यले चलचित्र जाँच गरे वापत चलचित्र जचाउँने व्यक्तिवाट कथानक चलचित्र भए एकहजार रुपैयाँ र अन्य चलचित्र भए पाँचसय रुपैयाँका दरले पारिश्रमिक पाउनेछन् ।"

१८. मूल नियमावलीको नियम २० मा संशोधनः मूल नियमावलीको नियम २० को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "मन्त्रालय" भन्ने शब्दपछि ",बोर्ड" भन्ने शब्द थपिएको छ ।

१९. मूल नियमावलीको नियम २१ मा संशोधन : (१) मूल नियमावलीको नियम २१ को उपनियम (१) को,-

(१) खण्ड (घ) र (ङ) झिकिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले सन्तोषजनक काम नगरेको भन्ने लागेमा श्री ५ को सरकारले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।"

२०. मूल नियमावलीको नियम २४ मा संशोधन : मूल नियमावलीको नियम २४ को,-

(१) शीर्षक पछि रहेको "(१)" भन्ने अक झिकिएको छ ।

(२) खण्ड (ज) पछि देहायका खण्ड (ज१), (ज२), (ज३), (ज४) र (ज५) थपिएका छन् :-

"(ज१) चलचित्र व्यवसायीहरु बीच समन्वय कायम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज२) चलचित्र व्यवसायीलाई चलचित्रसँग सम्बन्धित विषयमा परामर्श सेवा प्रदान गर्ने ।

(ज३) चलचित्र व्यवसायको गुणस्तर बृद्धि गर्नको लागि चलचित्र व्यवसायीले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने ।

(ज४) चलचित्र घरको वर्गीकरणका लागि मापदण्ड बनाई मन्त्रालय समक्ष पेश गर्ने ।

(ज५) स्वदेशी निर्माताबाट राष्ट्रभाषा वा राष्ट्रिय भाषामा निर्माण भएका चलचित्रको सम्पादन लगायतका अन्य काम गर्न तथा त्यस्तो चलचित्र विदेशमा निकासी गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।"

२१. मूल नियमावलीमा नियम २७क. थप : मूल निमायवलीको नियम २७ पछि देहायको नियम २७क. थपिएको छ :-

"२७क. यस नियमावली बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशीले नेपालमा छायांकन गर्ने विषयमा यस नियमावलीमा लेखिए बमोजिम हुनेछ ।"

२२. मूल नियमावलीमा नियम २८क., २८ख. र २८ ग. थप : मूल नियमावलीको नियम २८ पछि देहायका नियम २८क., २८ख. र २८ ग. थपिएका छन्:-.

"२८क. दस्तुर नलिई चलचित्र प्रदर्शन गर्न स्वीकृति दिन सकिने : महिला, बालबालिका वा असहाय वा दैवी प्रकोप वा प्राकृतिक विपत्तिमा परेका व्यक्ति वा सामाजिक संघ संस्था तथा शैक्षिक कार्यक्रमलाई सहयोग पुऱ्याउने कामको लागि कुनै चलचित्र दस्तुर नलिई प्रदर्शन गर्न स्वीकृति दिन सकिनेछ ।

२८ख. अधिकार प्रत्यायोजन: मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार बोर्डलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८ग. अनुसूचीमा हेरफेर : मन्त्रालयले बोर्डको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।"

२३. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीको अनुसूचीको,-

(१) अनुसूची- १ को खण्ड १५ पछि देहायको खण्ड १६ र १७ थपिएका छन् :–

"१६. सम्पर्क एजेन्सीको नाम, ठेगाना र प्रमुख व्यक्तिको नाम :

१७ निर्मातासँग जाने व्यक्तिको नाम र ठेगाना :"

(२) अनुसूची- ५ को खण्ड १० को उपखण्ड (ङ) पछि देहायको उपखण्ड (च) थपिएको छ :-

"(च) विदेशी निर्माताले नेपाल अधिराज्यभित्र छायांकन गरेको चलचित्र पहिलो पटक विदेशमा प्रदर्शन गर्नु अघि शाही नेपाली राजदूतावास, महावाणिज्य दूतावास वा वाणिज्य दूतावासको स्वीकृति लिनुपर्नेछ ।"

(३) अनुसूची- ५ को खण्ड १० पछि देहायको खण्ड ११ र १२ थपिएका छन् :–

"११. सम्पर्क एजेन्सीको नाम, ठेगाना र प्रमुख व्यक्तिको नाम :-

१२ निर्माता सँग जाने व्यक्तिको नाम र ठेगाना :"

(४) अनुसूची-६ को खण्ड ५. को उपखण्ड (क) मा रहेका "चलचित्र वितरण" भन्ने शब्दहरुको सट्टा "चलचित्र जाँच" भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची-७ को खण्ड ७ को उपखण्ड (छ) झिकिएको छ ।

(६) अनुसूची-९ को खण्ड १ को सट्टा देहायको खण्ड १. राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२९४

"१. चलचित्र घरको पर्दा देहाय बमोजिम हुनुपर्नेछ :-

(क) सेल्युलाइड प्रविधि अन्तर्गतको सिनेमास्कोप भए - १:२.३५ अनुपातको आकारमा,

(ख) सेल्युलाइड प्रविधि अन्तर्गतको ३५ एम.एम. भए - १:१.८५ को अनुपातको आकारमा,

(ग) भिडियो प्रविधिको भए कम्तीमा २५० इन्च चौकुनाको आकारमा"

(७) अनुसूची १० को,-

(क) खण्ड ३ को सट्टा देहायको खण्ड ३ राखिएको छ :-

"३. निर्माताको नाम र दरखास्तवाला संस्था वा कम्पनी भए त्यस्तो संस्था वा कम्पनीको दर्ता नम्बर, मिति र कार्यालय ।"

(ख) खण्ड ६ को उपखण्ड (ख) पछि देहायका उपखण्ड (ग) र (घ) थपिएका छन् :-
"(ग) एकथान भिडियो कपी,

(घ) विदेशमा निर्माण गरेको चलचित्रको सम्बन्धमा वितरण सम्बन्धी अधिकारपत्र ।"

आज्ञाले,
प्रभाकर अधिकारी
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।